म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११ आइतबार, २५ साउन २०८२ ने. सं. ११४५ गुल्लाथ्व 10 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

स्कुटर र बस ठोक्किँदा दुई जनाको मृत्यु

सुनसरी/सुनसरीको इटहरी उपमहानगरपालिका-२० को इटहरी-धरान सडकखण्डस्थित पानीपिया जंगलमा शनिबार स्कुटर र बस एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । इटहरीबाट धरानतर्फ आउँदै गरेको प्रदेश १-०२-००२ ख ०४५५ नम्बरको बस र विपरीत दिशाबाट आइरहेको को २२ प २१२५ नम्बरको स्कुटर ठोक्किँदा स्कुटर चालक झापाको विर्तामोड नगरपालिका-५ का सुजन विक र पछाडि सवार सुरज विक गम्भीर घाइते भएका थिए । घाइते दुवैको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा दिउँसो १२:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिए । बस चालक उदयपुरको बेलका नगरपालिका-३ का प्रेम मगरलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ भने घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

द्रुतमार्गको भौतिक प्रगति ४२ प्रतिशत

लागत बढेर दुई खर्ब १२ अर्ब रुपैयाँ पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेश द्रुतमार्गको भौतिक प्रगति ४२ प्रतिशत रहेको छ ।

वि.सं २०८३ भित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको द्रुतमार्ग आयोजनाको भौतिक प्रगति २०८२ असार मसान्तसम्म ४२ दशमलब १३ प्रतिशत पुगेको छ । नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांक अनुसार द्रुतमार्ग सडक आयोजनाको मोबिलाइजेसन सहित वित्तीय प्रगति भने ४४ प्रतिशत भएको छ । द्रुतमार्गको लागि हालसम्म ८० अर्ब ५४ करोड रुपैयाँ खर्च भइसकेको नेपाली सेनाका सूचनाअधिकारी तथा सहायकरथी राजाराम बस्नेतले जानकारी दिएका छन् । सुरुवातमा एक खर्ब ७५ अर्ब लगानीमा सम्पन्न गर्ने भनिए पनि द्रुतमार्गको अहिले लागत बढेर दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ पुगेको छ ।

जम्मा १३ वटा निर्माण प्याकेजमध्ये हालसम्म प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८ क, ८ ख, ९ क, ९ ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेको छ । प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना-डुकुछाप खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका साथै द्रुतमार्गको सुरुविन्दु र सवारी आवागमन व्यवस्थापन सम्बन्धमा निर्णय हुन बाँकी रहेकाले खरिद प्रक्रिया सुरु हुनै बाँकी रहेको नेपाली सेनाले जनाएको छ । यो खण्डमा पर्ने जग्गाको मुआब्जा वितरणका लागि सम्बन्धित जग्गाधनीसँग समन्वय भइरहेको छ । साथै जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधानका लागि सम्भावित विकल्पको डिजाइन कार्य अगाडि बढिरहेको नेपाली सेनाका सूचनाअधिकारी बस्नेतले जानकारी दिए ।

हालसम्म स्वीकृत डिपीआर अनुसार खोकना-डुकुछाप क्षेत्रमा मूल्यनिर्धारण भई अधिग्रहण हुन बाँकी जग्गा १६०-०-२-१.६७ तथा मूल्यनिर्धारण हुन बाँकी जग्गा १६५-६-०-३ रोपनी रहेको छ । द्रुतमार्गको सुरुविन्दु यकिन तथा अन्य डिजाइन परिमार्जन बमोजिम अधिग्रहण गर्न बाँकी जग्गाको परिमाणमा परिमार्जन हुनसक्ने देखिएको नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । आयोजना अन्तर्गतका सातवटा सुरुङमार्गको कुल लम्बाइ १०.९७९ किलोमिटर रहेको छ ।

सुरुङमार्गको प्याकेज नं. १ अन्तर्गत महादेवटार सुरुङको जम्मा लम्बाई तीन किलोमिटर ३५५ मिटरमध्ये हालसम्म तीन किमि ३२२ मिटर दायाँ टनेलको दुई किमि २९ मिटर अर्थात् ६१ प्रतिशत खन्ने कार्य सम्पन्न भएको छ भने तीन किमि ३८६ मिटरको बायाँ टनेलको दुई किमि २८६ मिटर अर्थात् ६८ प्रतिशत खन्ने कार्य सम्पन्न भइसकेको जनाएको छ । त्यस्तै प्याकेज नं. २ अन्तर्गत एक किमि ६९० मिटर लम्बाइ रहेको धेद्रे सुरुङमार्ग र प्याकेज नं. ३ अन्तर्गत एक किमि ६२२ मिटर लम्बाइ रहेको लेनडाँडा सुरुङ भने ब्रेकथु भइसकेको छ ।

दुई किमि २५० मिटर लम्बाइ रहेको चन्द्रामभीर सुरुङको ९९ मिटर निर्माण प्रगति भएको छ । सूचना अधिकारी बस्नेतका अनुसार ५८३ मिटर लम्बाइ रहेको मौरीभीर सुरुङ, एक किमि मिटर लम्बाइ रहेको देवीचौर सुरुङ र ३९० मिटर लम्बाइ रहेको सिसौटार सुरुङको पोटल निर्माणको कार्य भइरहेको छ । आयोजनाअन्तर्गत जम्मा ८९ स्थानमा रहेका पुलमध्ये ८५ स्थानका पुल निर्माणको चरणमा रहेका छन् । निर्माणाधीन अधिकांश पुलको फाउन्डेसन कार्य सम्पन्न भई सुपर स्ट्रक्चरको कार्य भइरहेको छ ।

५१ स्थानका पुलको फाउन्डेसन निर्माण सम्पन्न भएको छ । २६ स्थानका पुलको संरचना तथा छ स्थानका पुलको माथिको भागको संरचनासम्मको कार्य सम्पन्न भएको नेपाली सेनाले जनाएको छ । ९.३ किलोमिटर सडकको सब-बेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडकको कालोपत्रे कार्य सम्पन्न भएको छ । द्रुतमार्गको निजगढ क्षेत्रमा जनावरका लागि अन्डर पासको सबस्ट्रक्चरको कार्य सम्पन्न भएको छ । त्यस्तै द्रुतमार्गको २४.८ किलोमिटरदेखि ७०.९७ किलोमिटरसम्ममा पर्ने जग्गाको अधिग्रहण सम्पन्न भई निर्माण भइरहेको छ ।

निर्माणका क्रममा रेखांकन अनुकूलन तथा परिमार्जित डिजाइनबमोजिम पूर्वनिर्धारित मार्गाधिकारभन्दा बाहिरको थप जग्गा अधिग्रहण तथा रुख कटानका लागि पूरक वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति गर्ने गरिएको छ । द्रुतमार्गको ३५ किलोमिटरदेखि ४९ किलोमिटरसम्म पर्ने रानीसेरा तथा बुदुनेखण्डको पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन २०८१ वैशाख ७ गतेको वन तथा वातावरण मन्त्रालय मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको थियो ।

प्रस्थानविन्दु खोकना र अन्तिमविन्दु निजगढ रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७० किमि ९७७ मिटर रहेको छ । विसं २०७४ मा चारवर्षभित्र काम सक्ने गरी सरकारले निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो ।

कर्रामा गुम्बाको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडा-१० कर्रामा बिभिन्न दाताको सहयोगमा चारवर्ष लगाएर निर्माण भएको गुम्बाको उद्घाटन गरिएको छ ।

हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले शनिबार गुम्बाको उद्घाटन गरेकी हुन् । हेटौंडा उपमहानगरपालिका कर्रामा रहेको सुखवती भुवन टासी जम्बुलिङ गुम्बा परिसरमा निर्माण भएको गुम्बाको उद्घाटन गर्दै नगर प्रमुख लामाले लामो समयदेखि ओझेलमा परेको यो क्षेत्रको विकासमा सबैको हातेमालो आवश्यक रहेको बताइन् । करिब ३४ वर्ष अघिबाट गुम्बाक्षेत्रको रुपमा विकास हुन लागेको कर्राको यो भेगले सोचेअनुरुप विकासको गति नलिएको उनले बताइन् । बजारक्षेत्रमा रहेपनि उफल्लो तहमा पहुँच अभावका कारण ओझेलमा परेपनि अब उपमहानगरले विकासको गतिलाई अघि बढाउने उनले बताइन् ।

नगरप्रमुख लामाले गुम्बाको पूर्वाधार विकासका लागि पनि पालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कर्रा पुलको दक्षिण भागबाट गुम्बा जाने बाटोलाई व्यवस्थित बनाउने काममा उपमहानगर लाग्ने उनले बताइन् । उनले सडकलाई व्यवस्थित बनाएपछि अन्य विकासको काम अघि बड्ने बताइन् । २०७८ सालमा हेटौंडा उपमहानगरपालिका, ९ र १० नम्बर वडा कार्यालयको गरी ३४ लाख रुपैयाँ बजेटमा सुरु भएको गुम्बा व्यवस्थापन समितिले जनाएको छ । गुम्मा निर्माणमा सहयोग पुऱ्याएको भन्दै कार्यक्रममा उपमहानगर र ९ र १० नम्बर वडालाई सम्मानपत्र प्रदान गरिएको थियो ।

समितिका अनुसार स्थानीय निकाय बाहेक बिभिन्न क्षेत्रका व्यक्तिले पनि गुम्बा निर्माणमा आर्थिक तथा अन्य सामग्री सहयोग गरेका छन् । भवन तयार भएपनि गुम्बामा हुनुपर्ने अन्य कामहरु बाँकी रहेको बताइएको छ । सुखवती भुवन टासी जम्बुलिङ गुम्बा अमर लामाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१० का अध्यक्ष फुर्वादोर्जे लामा, वडा सदस्य बिमल लामा, गुम्बा समितिका संरक्षक किताबसिंह लामा, न्याङला गुठी समाजका अध्यक्ष सानुकुमार लामा लगायतको आतिथ्यता रहेको थियो ।

साझाकुरा

हाम्रो कुरा

दामन-पालुङमा पर्यटन ब्यवसाय

नेपालको जेठो राजमार्गसँग जोडिएको दामनपालुङ उपत्यका जति र मणीय र सुन्दर छ विकासमा त्यत्तिकै पछाडि परेको छ । २०१३ सालमा त्रिभुवन राजपथ निर्माण हुँदैगर्दा चिसो अनि स्वच्छ हावापानी र हिमश्रृंखलाको अनुपम दृश्यले प्रख्यात दामन-पालुङ क्षेत्रमा पर्यटनको सम्भावना तीब्र थियो । तर, दामनलाई काठमाडौंका ब्यवसायीले 'क्यास' गरिरहे, दामनबासी चुपचाप हेरिरहे । दामन आउने पर्यटकलाई काठमाडौंबाट गाडीमा बोकेर ल्याएको जाम पाउरोटी र चिकेनचिल्ली पस्किइयो । दामनपालुङको अर्गानिक तरकारी, मार्सी चामल र स्थानीय फलफूलको स्वाद पर्यटकले पाउनै सकेनन् । दामन र सीमभञ्ज्याङमा खलेको चिया पसलले पनि पर्यटकलाई 'अतिथि देवो भव:' अर्थात 'कस्टमर इज द किङ अफ मार्केट' को नजरले ब्यवहार गरेन । पर्यटकहरु एकपटक मात्रै आउने हुन् यिनीहरुलाई पहिलोपटकमै 'मुर्गा' बनाउनु पर्छ भन्ने मनसाय होटल ब्यवसायीले देखाए । यही कारणले गर्दा दामन आउन चाहने पर्यटकलाई काठमाडौंका ब्यवसायीले लामो सयमसस्मम 'क्यास' गरिरहे ।

पछिल्ला वर्षहरुमा माहोल अलिक परिवर्तन भएको छ । पर्यटन ब्यवसायलाई युवापुस्ताले हाक्न थालेपछि दामनपालुङमा पर्यटकीय गतिबिधिमा सकारात्मक परिवर्तन देखिन थालेको छ । हेटौंडा-काठमाडौं जोड्ने प्रमुख राजमार्गको छेउमा पर्ने यो क्षेत्र कुनै समय पर्यटकको घुइँचोले थेगिनसक्नु हुन्थ्यो । तर, पछिल्लो केहीवर्ष कोरोना महामारी, वैकल्पिक सडकमार्गको प्रयोग र अन्य विविध कारणले गर्दा पर्यटक आगमनमा कमी आएको थियो । पछिल्लो समय भने दामन-पालुङ क्षेत्र पुन: पर्यटकको रोजाइमा पर्न थालेको छ । विशेषगरी गर्मी महिनामा यहाँको चिसो मौसम र प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गरिरहेको छ । हिमश्रृंखलाको मनोरम दृश्य हेर्न, अर्ग्यानिक खानाको स्वाद लिन तथा शुद्ध र चिसो हावा महसुश गर्न देश तथा विदेशका विभिन्न भागबाट पर्यटक यहाँ आइपुग्ने गरेका छन् । नेपालका तराई भूभागमा गर्मी अत्यधिक हुने हुँदा चिसो वातावरण खोज्दै धेरैजसो आन्तरिक पर्यटक र छिमेकी देश भारतबाट उल्लेख्य संख्यामा आगन्तुकहरु आउने गरेका छन् । पर्यटकहरु विशेषगरी गर्मी छल्न, शान्त वातावरणमा बस्न र हिमालका दृश्यअवलोकन गर्न यहाँ आउने गर्दछन् । यस्तै, जाडो महिनामा दामन र वरपरका क्षेत्रमा बाक्लो हिउँ पर्ने भएकाले हिउँ खेल्नचाहने आन्तरिक तथा विदेशी पर्यटकको चाप अझ बढी हुने गर्दछ । दामनक्षेत्र धार्मिक दृष्ट्रिकोणले पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । दामनमा रहेको ऋखेश्वर महादेव मन्दिरमा श्रावण महिनामा विशेष मेला लाग्दै आइरहेको छ । ठूलो एकादशी, फागुपूर्णिमालगायत पर्वमा यस मन्दिरमा धार्मिक पर्यटकको उल्लेख्य आवागमन हुने गरेको छ । वर्षमा ८ हजार पर्यटक दामनक्षेत्रमा आउने गरेको तथ्यांक भेटिएको छ ।

स्थानीय सरकारसँगको समन्वयमा यो क्षेत्रका ब्यवसायीले दामनपालङमा हिँउखेल्नको लागि स्केटिङ पार्क तथा अन्य संरचनालाई व्यवस्थित रुपमा अगाडि बढाएर पर्यटनको विकासमा लागेको छ । विगतका वर्षमा पर्यटकको खचाखच आगमन हुने गरेको र पछिल्ला वर्षमा सुकेको पर्यटन फेरि फस्टाउन थालेको अनुभव गरेको दामन घुम्न आएका पर्यटक बताउँछन् । दामनपालुङक्षेत्रमा रहेका एतिहासिक संरचनालाई सरकार र स्थानीय निकायले ध्यान पुऱ्याउन नसक्दा र प्रचार गर्न नसक्दा यहाँको पर्यटन जुन गतिमा मौलाउन पर्ने हो त्यो गतिलिन सकेको छैन । स्थानीय व्यवसायी पर्यटक आगमन पुन:बढ्न थालेसँगै उत्साहित भएका छन् । होटल, होमस्टे तथा कृषिपर्यटनसँग जोडिएका व्यवसायमा पुन: गति आउन थालेको छ । अर्कोतर्फ दामनपालुङक्षेत्र तरकारी उत्पादनमा देशकै प्रमुख स्रोतको रुपमा स्थापित भएको छ । दैनिक झन्डै ५० मेट्रिकटन तरकारी उत्पादन हुने यस क्षेत्रबाट काठमाडौं, हेटौंडा, ललितपुर, भक्तपुरलगायत सहरमा नियमित रुपमा तरकारी आपूर्ति गरिँदै आएको छ । बेमौसमी तरकारी निर्यात र पर्यापर्यटनलाई ब्यवस्थित गर्न सकेको खण्डमा थाहानगरको आन्तरिक आयमा निकै राहत हुनेवाला छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन २६ गते सोमबार ११ अगष्ट २०२५ । द्वितीया, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:४४ । रोपाई जात्रा ।

आजको राशिफल

मेष	: आर्थिक लाभ	तुला	: धर्मबाट सन्तोष
वृष	: विदेशबाट लाभ	वृश्चिक	: कार्यमा अवरोध
मिथुन	: आफन्तमा विवाद	धनु	: स्वजनबाट विरोध
कर्कट	: स्थानान्तरणको योग	मकर	: शैक्षिककार्यमा बाधा
सिंह	: सन्तान पक्षबाट नैराश्यता	कुम्भ	: सन्तान पक्षबाट सन्तोष
कन्या	: पराक्रम वृद्धि	मीन	: आफन्तमा विवाद

यसकारण संकटमा छ नेपालको प्राविधिक शिक्षा

✍खगेन्द्र अधिकारी

पछिल्ला केही वर्षदेखि नेपाली नागरिकले 'सुखी नेपाली, समृद्ध नेपाल' को नारा निरन्तर सुनिरहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू नेपाल सरकारले तय गरेको यो राष्ट्रिय आकांक्षा पूर्ति गर्ने प्रमुख साधन हुन् । साधारण शिक्षाले बढ्दो बेरोजगारी मात्र सिर्जना गरेको परिप्रेक्ष्यमा प्राविधिक तथा व्यावसायिक दक्षता आर्जन हुने शिक्षा अनिवार्य बनिसकेको छ । यद्यपि, ७० प्रतिशत विद्यार्थीको पहुँचमा प्राविधिक शिक्षा र ३० प्रतिशत विद्यार्थीको पहुँचमा साधारण शिक्षालाई कायम गर्ने नीति तय गरिएको पनि लामो समय बितिसकेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले त्यस्तो नीति तय गरेको थियो । यसक्रममा शिक्षालाई प्राविधिक शिक्षा र व्यावसायिक तालिमका रूपमा परिभाषित गरियो ।

प्राविधिक शिक्षा

प्राविधिक शिक्षा र व्यावसायिक तालिम झट्ट सुन्दा उस्तै-उस्तै लाग्दछ किनभने दुवै सीपमा आधारित सिकाइ प्रणाली हुन् । प्राविधिक शिक्षाले सीप भन्दा ज्ञानलाई प्राथमिकतामा राख्दछ । यस शिक्षाले कुनै विषयमा त्यसको सैद्धान्तिक ज्ञान र त्यसको सीपबाट आर्जन गरेको ज्ञानलाई सँगसँगै अगाडि लैजान्छ । यसमा उच्च तहसम्म अध्ययन गर्ने अवसर प्राप्त हुन्छ । यस शिक्षामा अध्ययन अवधि एक तहमा बढीमा चार वर्षसम्मको हुन्छ र यो शिक्षा विश्वविद्यालय वा प्राविधिक शिक्षालयहरूबाट प्रदान गरिन्छ । यस शिक्षाले मध्यमस्तरीयदेखि उच्चस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दछ- जस्तैह इञ्जिनियर, नर्स, फर्मासिष्ट आदि ।

व्यावसायिक तालिम

व्यवसायिक तालिमले उद्योग वा बजारले माग गरे बमोजिमका सैद्धान्तिक ज्ञान कमी भए पनि हातमा सीप भएका जनशक्ति उत्पादन गर्दछ । यो तालिमको अवधि केही सातादेखि दुई वर्षसम्मको हुन्छ र यसलाई व्यावसायिक स्कूल, सामुदायिक स्कूल र उद्योगमा अप्रेन्टिसिप कार्यक्रमबाट प्रदान गरिन्छ । यस तालिमले तत्काल उद्योग वा बजारमा काम पाउने गरेर व्यक्तिलाई सीप प्रदान गर्दछ । जस्तै- प्लम्बर, सिकर्मी, डकर्मी, स्वास्थ्य सहायक, सेफ, वेटर आदि । यसरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले विद्यार्थीलाई रोजगारी प्राप्त गर्ने सीप सिकाउँदछ । प्राविधिक शिक्षा अलि फराकिलो क्षेत्र सहित उच्च तहसम्म हुन्छ भने व्यावसायिक तालिमले कार्य क्षेत्रमा चाहिने सीपमा आधारित तालिम मात्र प्रदान गर्दछ ।

उल्लिखित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने राज्यको एक मात्र उपल्लो संस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् हो । देशमा मध्ययस्तरीय र आधारभूत तहका प्राविधिक जनशक्ति उत्पादन गर्ने जिम्मेवारी पूरा गर्दै आएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) २०७५ सालदेखि नीतिगत झमेलामा फसेको छ । आफ्नै परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त रूपमा देशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको संस्था (सीटीईभीटी) आन्तरिक र बाह्य समस्याहरूले करिब करिब विघटन हुने अवस्थामा पुगेको छ ।

चिकित्सा शिक्षा ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, हाल संसद्को शिक्षा स्वास्थ्य र सूचनाप्रविधि समितिमा छलफल भइरहेको विद्यालय शिक्षा ऐनमा एसएलसी/एसईई परीक्षा सम्बन्धी गर्न लागिएको प्रबन्ध, आर्थिक वर्ष २०८२/८३ को जेठ १५ गते संसद्को संयुक्त बैठकमा प्रस्तुत बजेट भाषणबाट एसएलसी/एसईई अब उप्रान्त प्रदेश सरकाले सञ्चालन गर्ने र कक्षा १२ को परीक्षा मात्र संघीय सरकार वा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्ने भन्ने व्यवस्था आदि कारणले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आंगिक शिक्षालयहरू, साझेदारीमा सञ्चालित शिक्षालयहरू, प्राविधिक कार्यक्रम सञ्चालन गर्ने स्कूलहरू र निजी शिक्षालयहरूमा प्राविधिक शिक्षा अध्ययन गर्न विद्यार्थीहरू एसएलसी/एसईई परीक्षा उत्तीर्ण गरेपछि आउने कानूनी व्यवस्था छ । तर, अब उप्रान्त एसईई परीक्षा प्रदेश सरकारले सञ्चालन गर्दा ७ वटै प्रदेशमा अलग-अलग समयमा परीक्षा सञ्चालन हुनसक्ने हुँदा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थी देशभर एकै समयमा देशको जुनसुकै प्रदेशमा जान पाउने र शिक्षालयमा विद्यार्थी भर्ना हुन पाउने अवस्था बदलिने निश्चित छ ।

देशभर एकैपटक एसईई परीक्षा सञ्चालन गरी एकै पटक परीक्षाफल प्रकाशन गर्दा करिब चार लाख परीक्षा उत्तीर्ण विद्यार्थी मध्येबाट प्राविधिक शिक्षा अध्यापन गराउने शिक्षालयहरूमा विद्यार्थी भर्ना प्रक्रियामा समावेश हुन्छन् । तर, हाल आएर यति धेरै विद्यार्थी परीक्षा उत्तीर्ण भएर पनि प्राविधिक शिक्षा अध्ययन गर्न प्राविधिक शिक्षालयमा ज्यादै न्यून मात्रामा विद्यार्थी आउने अवस्था सृजना भएको छ । यस्तो अवस्थामा एसईई परीक्षा ७ प्रदेशमा अलग-अलग समयमा हुने र ती विद्यार्थी सोही स्कूलमा कक्षा १२ सम्म अध्ययन गर्न चाहने अवस्थामा देशभरका प्राविधिक शिक्षालयहरू विद्यार्थी नपाएर स्वत: बन्द हुँदै जाने अवस्था सृजना हुनेछ । यसबाट अर्बौंको लगानी, लाखौं व्यक्तिको रोजगारी, वार्षिक करिब ७५ हजार विद्यार्थी प्राविधिक शिक्षा अध्ययन गर्नबाट वञ्चित, राज्यलाई करोडौं राजस्व बन्द हुने लगायत अनेकौं समस्या सृजना हुनेछन् ।

यस्तै, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आएपछि खास गरेर स्वास्थ्य सम्बन्धी प्राविधिक जनशक्ति उत्पादनमा संकट पैदा भएको छ । चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षाका उच्चस्तरीय प्राविधिक जनशक्ति (डाक्टरहरू) उत्पादनमा नियमन, अनुगमन गरी गुणस्तरीयता कायम गर्न उल्लेखनीय कार्य गर्नुपर्ने थियो । तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले निर्वाध गुणस्तरीय रूपमा सञ्चालन गरिरहेका शिक्षालयहरू कानूनी अड्चन देखाउँदै बन्द गराइयो ।

उदाहरणको लागि परिषद्बाट सम्बन्धन, स्वीकृति लिएका र परिषद्का आंगिक शिक्षालयहरू गरेर जम्मा १०९ वटा शिक्षालयमा प्रवीणता प्रमाणपत्र तह नर्सिङ अध्यापन गराउँदै आइरहेका शिक्षालयहरू जबर्जस्त १०० (बेड) को आफ्नै अस्पताल हुनुपर्ने कानूनी व्यवस्था चिकित्सा शिक्षा आयोगको ऐनमा भएको भनी ७८ वटा प्रवीणता प्रमाणपत्र तह नर्सिङ पढाइ भइरहेका शिक्षालयहरू बन्द गराइयो । हाल विद्यार्थीको प्रवीणता प्रमाणपत्र तह नर्सिङ अध्ययन गर्न उत्कट चाहना भए पनि सीमित नर्सिङ अध्यापन गराउने शिक्षालयहरूका कारण देशमा अध्ययन गर्ने अवसर बन्देज भएकाले छिमेकी देश भार ततर्फ जान बाध्य छन् ।

राष्ट्रिय चिकित्सा शिक्षा आयोगको ३० साउन २०७७ को निर्णयानुसार विभिन्न विश्वविद्यालय प्रतिष्ठान र यस अन्तर्गतका शिक्षण संस्थाहरूले सञ्चालन गरिरहेका प्रवीणता प्रमाणपत्र तह नर्सिङका कार्यक्रमहरू शैक्षिक सत्र २०७७/७८ देखि सञ्चालन नगर्ने नगराउने निर्णय भए बमोजिम महाराजगञ्ज नर्सिङ क्याम्पस, काठमाडौं विश्वविद्यालय अन्तर्गत सञ्चालित नसिङ कार्यक्रम त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित नर्सिङ कार्यक्रमहरू बन्द गरिए जसबाट देशमा उत्पादित दक्ष नर्सिङ जनशक्तिको अभाव सिर्जना भएको छ ।

देशको शिक्षा नीति अहिलेसम्म राजनैतिक दृष्टिकोणले द्विविधाबाट गुज्रन बाध्य छ । शिक्षा ऐन, २०२८ को ४ पटक २०३९, २०४९, २०५८ र २०७२ मा संशोधन भइसकेको छ । तर, लामो समयदेखि केही राजनैतिक दलहरूले भन्ने गरेको जनवादी शिक्षाको विवाद कायमै छ । आजको २१औं शताब्दीको उत्तरार्द्धसम्म आइपुग्दा विश्व अर्थतन्त्रमा आएको परिर्वतनले सृजना गरेको भूमण्डलीकरण, खुल्ला अर्थ व्यवस्था, नवउदारवादी व्यवस्थामा शिक्षामा आएको परि वर्तन हामीले अंगीकार गर्ने कि नगर्ने ? यदि अंगीकार गर्ने हो भने शिक्षा राज्यको एकल दायित्व हो कि निजी क्षेत्रको साझेदारी पनि हो यसबारे राज्यमा अन्योल देखिन्छ । जुन कारण शिक्षा प्रणाली आजसम्म पनि समस्याग्रस्त छ ।

खुल्ला बजार अर्थ व्यवस्थामा सर कारले बजार र शिक्षालाई सन्तुलन कायम गर्नुपर्ने हुन्छ । शिक्षाले बजारले माग गरेको जनशक्ति उत्पादन गर्ने र राज्यमा आर्थिक विकासको आधार तयार पार्नुपर्दछ । त्यसैगरी, सरकारले निजी र सरकारी शिक्षालाई सन्तुलन कायम गर्दै देशको समृद्धिको आधार तयार पार्नुपर्दछ, नकि शिक्षा असमानताको साधन बन्नुहुँदैन । अर्कोतर्फ, भूमण्डलीकरणले सबैभन्दा बढी प्रभाव पारेको क्षेत्र शिक्षा नै हो । यसले शिक्षालाई अन्तर्राष्ट्रिय स्ट्यान्डर सहित अन्तर्राष्ट्रियकरण गरेको छ । त्यस्तै, शिक्षालाई डिजिटल र अनलाइन सिकाइबाट अन्तर्राष्ट्रिय श्रमशक्ति (ग्लोबल वर्क फोर्स) तयार पार्नुको साथै निजीकरण र व्यवसायीकरण पनि बढाएको छ । त्यस्तैगरी, नवउदारवाद (नियोलिवरलिज्म)ले शिक्षा प्रणालीलाई नवउदार वादी आर्थिक सिद्धान्त बमोजिम कार्यान्वयन गर्दछ– जस्तै, बजारीकरण, निजीकरण, प्रतिस्पर्धी, व्यक्तिवादी।

तीव्र गतिमा बदलिंदो विश्व अर्थ व्यवस्थामा खासगरी सन् १९८० देखि यो नवउदारवादी व्यवस्था अगाडि आएको हो । यस नवउदारवादी शिक्षा प्रणालीले शिक्षालाई वस्तु (कमोडिटी)को रूपमा ग्रहण गर्दछ र यस नवउदारवादी अर्थ व्यवस्थाले बजारीकरण, निजीकरण, व्यक्तिगत जिम्मेवारी र मानव पूँजीको विकासलाई जोड दिन्छ । त्यस्तैगरी, सामुदायिक लगानीलाई घटाउने र शिक्षालाई भूमण्डलीकृत गर्ने काम गर्दछ । यस प्रणालीका केही नकारात्मक पक्षहरूमा यसले शिक्षामा असमानता र व्यापारीकरणलाई बढावा दिन्छ ।

अब प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्न विद्यार्थीको आवश्यक शैक्षिक योग्यता सन्दर्भमा चर्चा गरौं । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले हालसम्म गरेको व्यवस्था अनुसार प्रवीणता प्रमाणपत्र तह अध्ययन गर्न आउने विद्यार्थीले अनिवार्य एसईई परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने कानूनी व्यवस्था छ । यसै सन्दर्भमा एसईई परीक्षाको पृष्ठभूमि नियाल्दा नेपालमा पहिलो एसएलसी परीक्षा वि.सं. १९३४ (सन् १८७७) देखि दरबार हाईस्कूलमा जम्मा ८ जना विद्यार्थीबाट शुरू गरिएको थियो ।

जसमा जङ्गबहादुर राणाका छोराहरू पनि सहभागी भएका थिए । त्यो बेला दरबार हाईस्कूलमा राणा परिवार र राजपरिवारका छोराछोरीले मात्र अध्ययन गर्न पाउने व्यवस्था गरिएको थियो । उक्त एसएलसी परीक्षा तत्कालीन प्रधानमन्त्री वीरशमशेरको प्रत्यक्ष अनुगमन, निरीक्षणमा इन्डियन स्कूल अफ सर्टिफिकेट (आईएससी) प्रणालीमा आधारित भएर सञ्चालन गरिएको थियो । त्यसपश्चात् हालसम्म एसएलसी/एसईई परीक्षाको आवश्यकता, औचित्य र महत्व कायमै छ ।

एसईई परीक्षा हटाउँदा उत्पन्न हुने ८ समस्या

१. देशभित्रका सबै तह र तप्काका विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षिका, कर्मचारी तथा नागरिक समाजमा स्थापित शैक्षिक प्रणालीलाई खारेज गर्दा सबै तहमा एकप्रकारको अन्योल र असमञ्जस्य सृजना हुन जानेछ ।

२. विद्यार्थीका लागि आइरन गेट भनी चिनिने र सोही मान्यता अनुसार परीक्षा तयारी गर्ने परम्परा रहिआएकोमा अब उप्रान्त विद्यार्थीलाई अध्ययनरत स्कूलमा नै सामान्य मूल्यांकन विधि लागू गरिंदा शिक्षाको गुणस्तर खस्किने निश्चित छ ।

३. देशभर एकै गुणस्तरबाट गरिने परीक्षा प्रणाली हटाई विद्यालयहरूले आ-आफ्नै तरिकाले विद्यार्थीको मूल्यांकन गर्ने अवस्थामा विद्यार्थीले चीन जान र भनसुन गरी परीक्षा उत्तीर्ण हुन प्रयास गर्न सक्ने हुँदा शिक्षाको गुणस्तरमा कमि हुनेछ ।

४. एसईई परीक्षा उत्तीर्ण विद्यार्थीहरू भर्ना गर्ने गरी सञ्चालनमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका शैक्षिक संस्थाहरू प्रि-डिप्लोमा र डिप्लोमा तह सहितका आंगिक शिक्षालयहरू ६५ वटा, साझेदारीमा सञ्चालित शिक्षालय ५६ वटा, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम ६३९ वटा र निजी शिक्षालयहरू ४०७ वटा गरी जम्मा ११६९ वटा शिक्षालयमा प्राविधिक शिक्षा अध्ययन भइरहेको छ । जसमा वार्षिक विद्यार्थी भर्ना क्षमता ७५ हजार ७२४ रहेको छ । जसमध्ये हरेक वर्ष लक्षित वर्गका योग्य विद्यार्थीले करिब ८००० को संख्यामा नि:शुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त गरिरहेका छन् । यदि एसएलसी/एसईई परीक्षा प्रणालीलाई खारेज गरेको अवस्थामा माथि उल्लिखित शिक्षालयहरू बन्द हुन जाने निश्चित छ । उल्लिखित शिक्षालयमा अध्ययन गरी राज्यमा उत्पादित मध्यमस्तरीय गुणस्तरीय प्राविधिक जनशक्तिको अभाव हुनेछ र उल्लिखित प्राविधिक दक्ष जनशक्तिको लागि विदेशी जनशक्तिमा भर पर्नुपर्ने हुँदा अरबौं धनराशि बाहिरिनेछ ।

५. माथि उल्लिखित शिक्षालयहरूमा भएको अरबौंको लगानी खेर जानेछ र त्यसबाट प्राप्त रोजगारी, छात्रवृत्ति, राजस्व सबै बन्द हुनेछ । त्यसले एउटा ठूलो समस्याको सृजना गर्नेछ ।

६. २०४५ सालबाट शुरू भई सञ्चालनमा रहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिक परिषद् बन्द हुनेछ । उक्त संस्थाको करिब ४० वर्षको इतिहास, अनुभव समाप्त हुनेछ । त्यहाँ कार्यरत करिब २७०० कर्मचारी विचल्लीमा पर्नेछन् र देशमा एक प्रकारको संकट पैदा हुनेछ ।

७. देशको शिक्षा प्रणालीमा प्रादेशिक र क्षेत्रीय असमानता कायम हुनेछ ।

८. देशको प्राविधिक शिक्षा प्रणालीमा चुनौती थपिने छन् । जुन कारण हाम्रो शिक्षा प्रणालीको विश्व बजारमा आजको जस्तो विश्वासिलो अवस्था कायम रहने छैन ।

तसर्थ, माथि चर्चा गरिएका कारण र सन्दर्भले एसएलसी/एसईई प्रणालीलाई समूल खारेज गरिनुहुँदैन । यसलाई समयकै गतिसँगै मिलाउने हिसाबले प्रदेश सरकारबाट देशभर एकै पटक एसईई परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिनुपर्दछ । जुन कुरा २०८२/८३ को बजेट भाषणमा उल्लेख गरिएको छ । तर, सार्वभौम संसद्बाट शिक्षा ऐन, जारी हुन बाँकी नै छ । यसप्रति सांसदहरूको विवेकपूर्ण निर्णय हुने नै छ । यसर्थ जारी हुने शिक्षा ऐनमा नेपालको शिक्षा प्रणालीमा सरोकार राख्ने सबै शिक्षा प्रेमी, बुद्धिजीवी, विश्वविद्यालय, शिक्षालयहरूका प्राचार्य र विकास साझेदार संस्थाहरूको सकारात्मक पहल जरूरी रहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू विभिन्न मन्त्रालय, गैरसर कारी संस्था, विकास साझेदार संस्था र स्थानीय सरकारबाट ठूलो धनराशि खर्च गरी सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर, श्रमबजारले खोजेका दक्ष प्राविधिक जनशक्तिहरू आवश्यकता अनुरूप उत्पादन हुनसकेको छैन । देशबाट रोजगारीको खोजीमा दिनहुँ करिब दुई हजार अदक्ष युवा जनशक्ति वैदेशिक रोजगारीमा गइरहेको अवस्था छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन, नियमन र संयोजन गर्ने लगायत महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सीटीईभीटी आफैं आन्तरिक र बाह्य समस्या अनि चुनौतीका कारण विघटनको सँघारमा पुगेको छ ।

त्यसैगरी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तर्गत सञ्चालित माध्यमिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमहरू पनि प्राय: असफल अवस्थामा पुगेका छन् । यसर्थ, नेपालको प्राविधिक शिक्षा समस्याग्रस्त अवस्थामा गुज्रँदै आइरहेको यथार्थ हाम्रो सामु छर्लङ्ग छ । उल्लिखित तथ्यहरूका आधारमा भन्न सकिन्छ नेपालको प्राविधिक शिक्षा संकटमा परिसकेको अवस्था छ ।

(साभार: अनलाइनखबर)

नेपाली लोकतन्त्र: व्यवस्था र पात्र दुवैमा समस्या

✍श्यामप्रसाद मैनाली

नेपालमा लोकतन्त्रको लागि त्याग र तपस्या गरेका पुराना दलहरुका नेताहरु अहिले पनि पालैपालो शासनसत्ता सम्हालिराखेका छन् । लोकतन्त्र प्राप्तिका लागि उनीहरूले गरेको योगदानलाई उच्च मूल्याङ्कन गर्नुपर्दछ । लोकतान्त्रिक लडाइँमा उनीहरुले पाएको यातना, जेलनेलजस्ता सन्दर्भलाई स्मरण गर्दा पनि उनीहरुप्रति श्रद्धाभाव जागेर आउँछ । तर राजनीतिक परि वर्तनपश्चात् आर्थिक समुन्नतिको दिशामा देशले अग्रगामी छलाङ मार्ला भन्ने आशा आम नागरि कले गरिराखेका थिए । दिनानुदिन देशको आर्थिक अवस्था अत्यन्त दयनीय बन्दै गएको छ ।

प्रतिवर्ष ऋणको भार नेपाली नागरि कहरुमाथि थुप्रिराखेको छ । लामो समय तपस्या गरेका नेताहरु स्वेच्छाचारी बनिराखेका छन् । संविधानको आशय र मर्म विपरीत काम कार्यपालिकाबाट पटक-पटक हुँदै आएका छन् । धेरैपटक सम्मानित अदालतले निर्देशनहरू जारी गर्दा पनि उनीहरूमा चेत आएको छैन । न्यायिक क्रियाशीलता देखिने गरी निर्णय गर्नुपर्ने अवस्था सिर्जना भएको छ । अब प्रश्न उठ्न थालेको छ । के ठूलो संख्याका नेपालीहरूले आफ्ना सन्ततिलाई बलिवेदीमा चढाएर प्राप्त गरेको लोकतन्त्र अफापसिद्ध भएको हो त ?

यदि यो लोकतान्त्रिक व्यवस्था अफापसिद्ध नै भएको भए यसको विकल्प के हुन सक्छ ? नेपालको लोकतान्त्रिक संविधानले लोकतान्त्रिक मूल्य मान्यतालाई कुन हदसम्म समेट्न सकेको छ ? पात्रहरू खराब हुन् वा व्यवस्था नै अनुपयुक्त हो ? अथवा दुवै हो ? आज यी अहं प्रश्नहरुको जवाफ आम नेपालीले खोजिराखेका छन् । यसबारेमा गहन विश्लेषण हुनु जरुरी छ । लोकतन्त्रलाई कसरी सुदृढ गर्दै अघि बढ्न सकिने हो ? यसबारेमा चिन्तन गर्नुपर्ने स्थिति छ ।

संवैधानिक प्रावधान र व्यावहारिक पाटो :

वर्तमान संविधान लोकतान्त्रिक छ । संवैधानिक सर्वोच्चतालाई संविधानले आत्मसात् गरेको छ । संयुक्त अधिराज्यको जस्तो संसदीय सर्वोच्चतालाई यसले स्थान दिएको छैन । शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई संविधानका भएका व्यवस्थाहरू अध्ययन गर्दा संयुक्त राज्य अमेरिकाको संविधानभन्दा हाम्रो संविधान उत्कृष्ट देखिन्छ । किनकि संयुक्त राज्य अमेरिकामा कार्यपालिकाको क्रियाशीलता शासन प्रणालीमा अत्यन्त ज्यादा देखिन्छ ।

मौलिक हक र कर्तव्यको व्यवस्था अत्यन्त उदारताका साथ गरिएको छ । विभिन्न तहका सरकारहरूलाई संघीयताको मर्म अनुकूल सार्वभौम र स्वतन्त्र रहने गरी संविधानमै अधिकार क्षेत्र निश्चित गरिएको छ । देशका कमजोर वर्ग, क्षेत्र, जातजाति, भाषाभाषीहरूको लागि समावेशीकरणको नीति अवलम्बन गरी सबैको सहभागिता शासनमा सुनिश्चित गरि दिएको छ । राष्ट्रको स्रोत-साधनको समुचित विनियोजनका लागि संवैधानिक आयोगको व्यवस्था छ । सक्षम अम बुडसम्यानको व्यवस्था गरेको छ । शक्ति पृथकीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ । संविधानले वैकल्पिक सरकार दिन सक्ने अवस्थासम्म संसद् विघटन गर्न नमिल्ने व्यवस्था छ । सबै प्रकारका सरकारहरूका बीच आइपर्ने समस्याको समाधानका लागि संविधानमै आवश्यक निकायहरूको व्यवस्था गरिएको छ । करिब ९ दशकको अनवरत प्रयास, त्याग र तपस्याबाट प्राप्त भएको वर्तमान राजनीतिक व्यवस्था लोकतान्त्रिक छ । तर यसको कार्यान्वयनको पक्ष अत्यन्त आलोचनात्मक रहेको छ । मौलिक हकमा गरिएको व्यवस्थाहरुको उपभोग नागरिकहरूले पूर्णरूपमा गर्न पाएका छैनन् । संविधानको आशय र मर्म विपरीत संसद्को विघटन भइराखेको छ । न्यायपालिकाले आफ्नो क्रियाशीलता प्रदर्शन गर्नुपर्ने अवस्थाको सिर्जना राजनीतिज

एनपीएलको अक्सनपछि कुन टिम कस्तो बन्यो ?

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणका लागि खेलाडी अक्सन शनिबार काठमाडौंमा सम्पन्न भएको छ । अक्सनका लागि १६४ खेलाडीको सूची रहेकोमा ३७ खेलाडीहरू अनुबन्ध भएका थिए ।

विभिन्न टोलीले आ-आफ्नो आवश्यकता अनुसार खेलाडीहरू अनुबन्ध गरेका छन् । अक्सनपछि अब विदेशी खेलाडीको मात्र टुंगो लाग्न बाँकी रहँदा कुन टिम कस्तो बन्यो त ? संक्षिप्तमा लेखेका छौं ।

जनकपुर बोल्ट्स

जनकपुरले अक्सनअघि अघिल्लो सिजनका मार्की र कप्तान दुवैसहित ७ खेलाडीलाई रिटेन गरेको थियो ।

अघिल्लो सिजनका मार्की आसिफ शेख, कप्तान अनिल साह, शुभ कंसाकार, किशोर महतो, ललित राजवंशी, तुलबहादुर थापामगर र रुपेश सिंहलाई टोलीले रिटेन गरेको थियो ।

अक्सनबाट जनकपुरले सचिन भट्ट, आदित्य महता, मयन यादव अनुबन्ध गर्दा विश लिस्टबाट बिकाश आग्रीलाई अनुबन्ध गऱ्यो ।

जनकपुरको टोली : आसिफ शेख, अनिल साह, शुभ कंसाकार, किशोर महतो, ललित राजवंशी, तुलबहादुर थापामगर, रुपेश सिंह, सचिन भट्ट, आदित्य महता, मयन यादव, बिकाश आग्री

सुदूरपश्चिम रोयल्स

गत सिजनको उपविजेता टोली सुदूरपश्चिमले अक्सनअघि गत सिजनका मार्की तथा कप्तान दिपेन्द्रसिंह ऐरीलाई मार्की खेलाडीको रूपमा पुन: रिटेन गरेको थियो ।

उनीसँगै विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे र नरेन साउद पनि रिटेन गरिएका छन् । अक्सनबाट सुदूरले हेमन्त धामी, टेकबहादुर रावत, दिपेश थापा अनुबन्ध गर्दा विश लिस्टबाट दिपक बोहरा र मिलन बोहरा अनुबन्ध गऱ्यो ।

सुदूरपश्चिमको टोली : दिपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे, नरेन साउद, हेमन्त धामी, टेकबहादुर रावत, दिपेश थापा, दिपक बोहरा र मिलन बोहरा

कर्णाली याक्स

गत सिजन दोस्रो क्वालिफायरसम्म पुगेर तेस्रो स्थान हासिल गरेको कर्णालीले मार्की सोमपाल कामीसहित गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिन प्रसाद शर्मा र युनिशविक्रमसिंह ठकुरीलाई रिटेन गरिसकेको थियो । अक्सनबाट कर्णालीले पवन सर्राफ, इमरान शेख, दीपक डुम्रे र युवराज खत्री अनुबन्ध गऱ्यो ।

कर्णालीको टोली : सोमपाल कामी, गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिन प्रसाद शर्मा, युनिशविक्रम सिंह ठकुरी, पवन सर्राफ, इमरान शेख, दीपक डुम्रे र युवराज खत्री

चितवन राइनोज

पहिलो संस्करणको एलिमिनेटरमा कर्णाली याक्ससँग पराजित भएर चौथो भएको चितवन राइनोजले मार्की खेलाडी तथा कप्तान रहेका कुशल मल्लसहित रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला र गौतम केसीलाई दोस्रो संस्करणका लागि रिटेन गरेको थियो ।

अक्सनमा सबैभन्दा धेरै पर्स रकम रहेको चितवनले देव खनाल, अर्जुन साउद अनुबन्ध गर्दा बिपिन रावल, बिपिन आचार्य र रन्जित कुमारलाई विशलिस्टबाट अनुबन्ध गऱ्यो ।

चितवनको टोली : कुशल मल्ल, रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला, गौतम केसी, देव खनाल, अर्जुन साउद, बिपिन रावल, बिपिन आचार्य र रन्जित कुमार

काठमाण्डु गोर्खाज

पहिलो संस्करण पाँचौं स्थानमा रहेर टुंग्याएको काठमाण्डुले मार्की तथा कप्तान करण केसीसहित भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ र राशिद खानलाई रिटेन गरेको थियो ।

अक्सनबाट काठमाडौंले उत्तम थापा मगर, तुलबहादुर थापा, सन्तोष यादव, आकाश त्रिपाठी र आदिल आलम अनुबन्ध गऱ्यो ।

काठमाडौंको टोली : करण केसी, भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ, राशिद खान, उत्तम थापा मगर, तुलबहादुर थापा, सन्तोष यादव, आकाश त्रिपाठी र आदिल आलम

विराटनगर किङ्स

विराटनगर पहिलो सिजन छैटौं स्थानमा रहेर प्रतियोगिता सकाएको टोली हो । स्टार लेगस्पीनर सन्दीप लामिछानेसहित लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेस भट्ट र सुवास भण्डारीलाई टोलीले रिटेन गरेको थियो । अक्सनबाट विराटनगरले सूर्य तामाङ, साहिल पटेल र नारायण जोशी अनुबन्ध गर्दा विश लिस्टबाट शर्वन किस्कु र शंकर राना अनुबन्ध गर्यो ।

विराटनगरको टोली : सन्दीप लामिछाने, लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट, सुवास भण्डारी, सूर्य तामाङ, साहिल पटेल, नारायण जोशी, शर्वन किस्कु र शंकर राना

पोखरा एभेन्जर्स

पोखरा एभेन्जर्सले मार्की कुशल भुर्तेलसहित ७ खेलाडी रिटेन गरेको थियो । जसमा दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द र तृतराज दास छन् । अक्सनबाट पोखराले अभिषेक तिवारी, अर्जुन कुमाल, कृष्ण पौडेल अनुबन्ध गर्दा विश लिस्ट बाट सन्दीप खत्री क्षेत्री अनुबन्ध गर्यो ।

पोखराको टोली : कुशल भुर्तेल, दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द, तृतराज दास, अभिषेक तिवारी, अर्जुन कुमाल, कृष्ण पौडेल, सन्दीप खत्री क्षेत्री

लुम्बिनी लायन्स

लुम्बिनीले गत सिजनका मार्की तथा कप्तान रोहित पौडेलसँगै सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम र दिनेश अधिकारीलाई रिटेन गरेको थियो ।

अक्सनबाट दिलिप नाथ, विशाल पटेल र शेर मल्ललाई अनुबन्ध गर्दा विश लिस्ट बाट दुर्गेश गुप्ता र आदिल खान अनुबन्ध गर्यो ।

लुम्बिनीको टोली : रोहित पौडेल, सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम, दिनेश अधिकारी, दिलिप नाथ, विशाल पटेल, शेर मल्ल, दुर्गेश गुप्ता र आदिल खान

(स्रोत: अनलाइनखबर)

'भ्वाइस किड्स' चौंथो सिजनको उपाधि सोनाली राजभण्डारीलाई

काठमाडौं/'भ्वाइस किड्स' चौंथो सिजनको उपाधि सोनाली राजभण्डारीले जितेकी छन् । शनिबार आयोजित ग्रान्ड फिनालेमा कोच मेलिना राईको टिमकी उनले उपाधि जितिन् ।

सर्वाधिक भोट ल्याएको आधारमा उपाधि विजेता घोषणा गरिएको हो । विजेतालाई हिमालय टेलिभिजनका अध्यक्ष धर्मराज भुसाल लगायतका अतिथिले पुरस्कार प्रदान गरे ।

विजेता भएसँगै सोनालीले १० लाख रुपैयाँ नगद र अन्य पुरस्कार प्राप्त गरिन् । जितपछि संचारकर्मीलाई प्रतिक्रिया दिँदै सोनालीले मिहेनत सफल भएको भन्दै खुसी व्यक्त गरिन् ।

आफ्नो टिमकी सोनालीले उपाधि चुमेपछि कोच मेलिनाले एकदमै खुसी लागेको बताइन् । उपाधिका लागि फिनालेमा ८ जनाले प्रतिस्पर्धा गरेका थिए । फिनालेमा कोच खेम सेन्चुरीको समूहबाट दिलिजा रुवाली र आदर्श धितालले फाइनलिस्ट थिए ।

कोच मेलिना राईको समूहबाट सोनाली र नोरेन लोय क्षेत्री, कोच सत्यराज आचार्यको टिमबाट रिदम खड्का र स्मयन बजगाइँले प्रतिस्पर्धा गरे । कोच मिलन नेवारको समूहबाट आयन राई र निश्चल लिम्बु फाइनलिस्ट थिए ।

'जनै हराएको मान्छे'को ट्रेलरमा सम्बन्धमा आउने उतारचढावको कथा

काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्णबहादुरको सारंगी'का अभिनेता विजय बरालको मुख्य भूमिका रहेको फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरु'को मर्मस्पर्शी ट्रेलर सार्वजनिक भएको छ ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको साढे तीन मिनेटभन्दा लामो ट्रेलरले फिल्मको कथावस्तु, केन्द्रीय द्वन्द्व र चरित्र चित्रणबारे प्रकाश पारेको छ ।

कोरिया जाने सपना बोकेर गाउँबाट सहर आएको एक पात्रले भोग्नुपर्ने कठिनाइ र संघर्षको वरिपरि घुमेको ट्रेलरमा बुबा-छोरा र दिदी-भाईबीचको सम्बन्ध र भावनात्मक उतारचढावलाई मर्मस्पर्शी रुपमा प्रस्तुत गरिएको छ । जनैको महत्त्वलाई पनि बुझाउन खोजिएको ट्रेलरमा संवादहरु अर्थपूर्ण छन् । सम्बन्धमा आउने उतार चढाव नै फिल्मको केन्द्रीय द्वन्द्व रहेको ट्रेलरबाट प्रष्ट हुन्छ ।

हिमाल न्यौपानेले निर्देशनमा बनेको फिल्ममा विजयसहित केकी अधिकारी, मिरुना मगर, गौरव पहारी, सुशांक मैनाली, भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर लगायतको अभिनय रहेको छ । भानुभक्त ढकालको कथा, पटकथा र संवादमा तयार भएको यो फिल्मलाई पेपर क्लिपका कमल न्यौपाने र विमल न्यौपानेले निर्माण गरेका हुन् ।

मनिष राउत एसोसिएट निर्देशक रहेको फिल्मको कार्यकारी निर्माता नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन हुन् । फिल्ममा नवीन गुरुङ र कृष्ण परियारको छायांकन, भरत रेग्मीको सम्पादन तथा चुल्ठे काजीको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्म तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउँदैछ ।

'कोशेढुङ्गा'को कथा बोल्ने मर्मस्पर्शी कविता सार्वजनिक

काठमाडौं/आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कोशेढुङ्गा'को प्रचार अभियानलाई थप प्रभावकारी बनाउन शनिबार रक्षाबन्धनको अवसर पारेर कविता सार्वजनिक गरिएको छ । 'कोशेढुङ्गाभित्रको कथा' नाम दिइएको कविता फिल्मकी मुख्य अभिनेत्री सुरक्षा पन्तको आवाजमा सुन्न सकिन्छ । कवितामा प्रेम, समर्पण, पीडा, सपना र संकल्पको भावनाहरु व्यक्त छन् ।

लिरिकल भिडियो सहितको कविताले सपना टुटदै गएपछि सम्झौतामा बाँच्नु पर्दाको पीडादेखि सम्बधमा गरिने विश्वासलाई दर्शाएको छ । यसले फिल्मको कथालाई संकेत गर्छ । सार्वजनिक भिडियोमा फिल्मभित्रका केही चल-अचल दृश्यहरु समावेश छन्, जसमा मुख्य कलाकारहरुलाई देख्न सकिन्छ । अधिकांश दृश्यमा पात्रहरु दु:ख र पीडामा देखिन्छन् ।

कवितासँगै निर्माण पक्षले शनिबार तीनवटा पोस्टर पनि सार्वजनिक गरेको छ । जसले फिल्मका मुख्य कलाकारहरुको चरित्र चित्रण गर्छ । पोस्टरमा सुरक्षा पन्त, आर्यन सिक्देल, प्रवीण खतिवडा, मन्जिल कुमार, नीति शाह, ऋचा शर्मा, दिनेश काफ्ले, झकेन बिसी लगायतका कलाकारहरु प्रस्तुत छन् । पोस्टर हेर्दा फिल्मले सम्बन्धको कथा भन्ने अनुमान लगाउन सकिन्छ ।

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारंगी'का निर्देशक सरोज पौडेलले निर्देशनमा बनेको फिल्ममा प्रेविल कँडेल र किशोर अनुराग निर्माता छन् भने कार्यकारी निर्माता दिनेश खड्का हुन् । यसमा बाबु श्रेष्ठको छायांकन, नहकुल खड्काको सम्पादन तथा आशिष अविरल, खेम सेन्चुरी र रिदम कँडेलको संगीत छ । यो फिल्म नेपालसहित ४२ बढी देशमा एकसाथ रिलिज हुँदैछ ।

नेपाली लोकतन्त्र: व्यवस्था....

नेपाली जनताले फेरि पनि लोकतन्त्रको लागि आन्दोलन सामान्यतया गर्नु नपर्ने हो । लोकतान्त्रिक मूल्य मान्यता रहेको राजनीतिक प्रणाली देशले अवलम्बन गरेको छ ।

अबको प्रतीक्षा भनेको आर्थिक समृद्धि र सुशासनको हो । यी दुवै पक्षहरू क्रमश: संकटउन्मुख भइराखेका छन् । आर्थिक वृद्धिदर नगन्य छ । अन्तर्राष्ट्रिय व्यापार घाटा बढ्दो छ । विप्रेषणको आधारमा अर्थव्यवस्था सुस्त गतिमा अस्तित्वमा छ । यसबाट प्राप्त स्रोत-साधनहरूको अधिकांश हिस्सा उपभोग्य सामानमा आयात गर्न खर्चिएको अवस्था छ । उत्पादन कार्यमा विप्रेषणबाट प्राप्त रकम खर्च हुन सकेको छैन । वैदेशिक रोजगारीको आधारमा प्राप्त स्रोत-साधन अस्थायी प्रकृतिको हुनेतर्फ राष्ट्रको ध्यान जान सकेको छैन ।

सरदर एक वर्षमा सरकार परिवर्तन भइराखेको छ । वर्तमान संविधानमा पुनरावलोकन नगरेसम्म यो अवस्थाले निरन्तरता पाउँछ । अस्थिर राजनीतिले देशको उत्थानका लागि दूरदृष्टि राख्न सक्दैन । सरकारलाई निरन्तरता दिने र आफ्नो स्थान सुरक्षित गर्नुमा नै जनप्रतिनिधिहरूको ध्यान केन्द्रित छ । सुशासन प्रदान गर्ने सन्दर्भमा नेपालको अवस्था प्रतिवर्ष बिग्रिँदै गएको छ । भ्रष्टाचार संस्थागत छ । नीतिगत आवरणमा ठूला भ्रष्टहरुले अभयदान पाएका छन् ।

सबै ठूला दलहरूमा भ्रष्टहरूको बाहुल्यता भएका कारणले आ-आफ्ना पालामा भएका भ्रष्टाचार सम्बन्धी मामिलाहरु उजागर नगर्ने भद्र सहमति राष्ट्रिय दलहरुबीच भएकोछ । व्यापारिक घराना काहरूलाई आ-आफ्ना दलमा भित्र्याई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने अस्वस्थ प्रतिस्पर्धा सबै दलहरूबीच देखिएको छ । स्वार्थको द्वन्द्व भ्रष्टाचारको स्रोत हो, भ्रष्टाचार र सुशासनका बीच विपरीत सम्बन्ध हुन्छ । यसको सामान्य जानकारीसम्म पनि राजनीतिज्ञहरुमा देखिँदैन । स्वार्थको द्वन्द्वलाई नियन्त्रण गर्ने सम्बन्धी कानुनी व्यवस्था गर्नेतर्फ सोचाइसम्म नहुनु यसको ज्वलन्त उदाहरण हो ।

राजनीतिमा नैतिकताको अत्यन्त ठूलो स्थान हुन्छ । सार्वजनिक जिम्मेवारीमा रहेकाहरू जनताका सम्पत्ति हुन् । उनीहरूको प्रत्यक्ष जवाफदेहिता जनतासमक्ष हुनुपर्दछ । यसका लागि जनस्तरबाट तथ्यसहित आलोचना भएको अवस्थामा पद त्याग गर्न सक्नुपर्दछ । यसलाई हाम्रा राजनीतिज्ञहरुले स्वीकार गरिराखेका छैनन् ।

च्याउसरह अस्तित्वमा रहेका राजनीतिक दलहरूले शासनसत्तामा सौदाबाजी गरिराखेका छन् । संवैधानिक प्रावधानकै कारण यो लोकतान्त्रिक हिसाबले कारुणिक अवस्था सिर्जना भएको हो । संसद्मा विधेयकहरू पेस हुन्छन्, कानुनहरू बन्छन् । यही प्रक्रियागत चरणमा सांसदहरुले सर्वसम्मतरुपमा विधेयकलाई निश्चित आकार दिन संसदीय समितिबाट पारित हुन्छ । त्यसैमा सांसदहरूका बीचमा भएको सर्वसम्मत निर्णय विपरीतका प्रावधानहरू राखेर प्रतिवेदन सभामा पेस हुन्छ । समितिमा अध्ययन र छलफल गरी प्रतिवेदनलाई अन्तिम रूप दिन सभापति उत्सुक देखिँदैनन् ।

प्रतिनिधिसभामा रहेका २७५ जना सांसदहरूले प्रतिवेदनको कपी प्राप्त गर्दछन् । विधेयक पारितका लागि टेबुल हुन्छ । सर्वसम्मतिले पास गरिदिन्छन् । यसपछि यथार्थ बाहिर आउँछ । यसको जिम्मेवारी लिन २७५ सांसदहरूमध्ये कोही पनि तयार हुँदैनन् । यी सांसदहरुलाई मतदाता नेपाली नागरिकहरूले आफ्नो प्रतिनिधिका रुपमा स्वीकार गर्न पर्ने स्थिति छ । योभन्दा मतदाताहरूप्रतिको अपहेलना अरु के हुन सक्छ ? अहिलेको अवस्थामा यिनै कारणले गर्दा आर्थिक समृद्धि, राजनीतिक स्थिरता, सुशासनको अवस्था सुदृढ हुन सक्दैन । यसलाई कस्तो खालको लोकतन्त्रका रूपमा स्वीकार गर्ने हो ? प्रश्नचिह्न खडा भएको छ ।

समस्या व्यवस्थामा हो कि पात्रमा ?

नेपालको संविधानमा भएका केही प्रावधानहरुले गर्दा राजनीतिक अस्थिरता सिर्जना भएको छ । संविधान निर्माण हुँदैका अवस्थामा यो दस्तावेज सम्पूर्ण नेपालीहरूको हुन सकेन । नेपाली जनताले दिएका आफ्ना सुझावहरू अहिलेसम्म पनि संसद् सचिवालयको अँध्यारो कोठामा थन्किएको आलोचना भइराखेको छ । राजनीतिक दलहरूका बीचको समझदारीका आधारमा संविधानसभाले पारित गरेको भनिन्छ । कुनै पनि देशको संविधान असंशोधनीय हुँदैन ।

जनताले स्वीकार नगर्दा संविधान अर्को तयार हुन्छ, संशोधन हुन्छ । नेपालको वर्तमान सरकार संविधान संशोधनको एजेन्डा राखेर शासन गरिराखेको छ । यद्यपि सरकारमा पुगेपछि यो एजेन्डाले प्राथमिकता पाएको छैन । सरकार लाई समर्थन गर्ने सांसदहरूको गणितीय अवस्था कमजोर बन्न थालेको छ । यो कारणले पनि वर्तमान सरकार संविधान संशोधनको एजेन्डामा प्रवेश गर्ने अवस्थामा देखिँदैन । ठूलो समस्या राजनीतिज्ञहरूमा छ । जस्तोसुकै राम्रो संविधान आए पनि कार्यान्वयन गर्ने पात्रहरु इमानदार नहुँदा यसबाट उल्लेख्य प्रतिफल प्राप्त गर्न सकिन्न । हामी यही अवस्थाबाट गुज्रिएका छौं । शारीरिक र मानसिकरूपमा आराम लिनुपर्ने अवस्थाका कमजोर पात्रहरूले देशको जिम्मेवारी पटक-पटक सम्हालिराखेका छन् । यसको निरन्तरता अझै हुने देखिन्छ । आशा गर्ने ठाउँ नेपाली मतदाताहरूले देख्न छाडेका छन् । यस अवस्थामा पात्रहरू फेरिने सम्भावना कति छ ? यसका बारेमा पनि विश्लेषण हुनु जरुरी हुन्छ ।

नेपालमा विगत ३५ वर्षदेखि शासनसत्तामा रहेका दलका नेतृत्वपक्तिबाट नेपाली जनता निराश बनेका छन् । नयाँ राजनीतिक शक्ति र पात्रहरूको खोजी मतदाताहरूले गम्भीरतापूर्वक गरिराखेका छन् । तर राजनीतिक बजारमा देखिएका पात्रहरूको विगत हेर्दा नेपाली मतदाताहरु अत्यन्त असहज अवस्थामा छन् ।

यसका केही कारणहरु छन् । प्रथमत: राजनीतिमा लामो त्याग, तपस्या, बलिदान दिएको हुनुपर्दो रहेछ । जनताको पक्षमा लामो समय कुरबानी गरेकाहरु स्थापित हुँदा रहेछन् । राजनीतिमा शीघ्र उदाएकाहरु अत्यन्त छिटो अस्तित्वविहीन हुन पुग्दछन् । विश्वका लोकतान्त्रिक मुलुकहरूको राजनीतिक इतिहास हेर्दा यही निष्कर्षमा पुग्न सकिन्छ । नेपालमा स्वतन्त्र उम्मेदवारको पक्षमा मतदाताहरूको आकर्षण देखिए पश्चात् अकस्मात् एउटा राजनीतिक दल दर्ता भयो । पुराना दलहरू र नेताहरूबाट निराश बनेका मतदाताहरुले यही दललाई परीक्षण गर्न चाहे ।

उल्लेखीय सिट प्रदान गरे । यो दल बहुदलीय राजनीतिक प्रणालीमा एक व्यक्तिले पूर्णरूपमा परिचालित गरेको देखियो । दल र दलको सभापति पर्याय बने । पटक-पटक ठूला-ठूला घोटालाहरूमा विवादित बन्दै गए । बाँकी रहेका केही नेतृत्वपंक्तिमा रहेकाहरू पनि क्रमश: विवादमा तानिँदै गएका छन् ।

(साभार: न्यूज अफ नेपाल)

मधेश प्रदेशमा लम्पीस्किनको सङ्क्रमणबाट १७ सय पशु मरे

जनकपुरधाम/ लम्पीस्किन रोगको सङ्क्रमणबाट मधेश प्रदेशमा एक हजार सात सय पशुचौपाया मरेका छन् ।

प्रदेश सरकार, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार लम्पीस्किनबाट ५२ हजार ६८६ पशु संक्रमित भएको र त्यसमध्ये २३ हजार ७०९ वटा पशु उपचार बाट निको भएको बताएको छ । लम्पीस्किन रोग लाग्दा पशुलाई सुरुमा ज्वरोआउने, शरीरमा घाउखटिरा आउने तथा घाँस र पानी खान नखोज्ने लक्षण देखिन्छन् । रोगको पहिचान भएका पशुमा खोप लगाउने अभियान पनि सुरु गरिएको मन्त्रालयको भनाइ छ ।

अभियानअर्न्तगत हालसम्म प्रदेशभरिका दुई लाख ४५ हजार पशुलाई खोपलगाइएको छ । मन्त्रालयका अनुसार दुई लाख ३१ हजार ५१५ पशुलाई विज्ञकेन्द्रमार्फत खोप दिइएको छ भने स्थानीय तहमार्फत धनुषामा ५६६, सर्लाहीमा १७५ तथा रौतहटमा तीन हजार ७०० पशुलाई खोप लगाइएको छ ।

'कोहिनूर'पछि अब 'सुख दु:ख' खेल्दै बलिउडका दीपराज

काठमाडौं/अभिनेत्री नीता ढुंगानाले 'ह्रस्व दीर्घ'मा झैं आफ्नो निर्देशनमा बन्न लागेको फिल्म 'सुख दु:ख'मा पनि भारतीय कलाकारलाई अभिनय गराउने भएकी छन् । त्यसका लागि उनले बलिउडका चर्चित कलाकार दीपराज राणालाई फिल्ममा भित्राएकी छन् । निर्माण टिमसँग केही चरणको छलफलपछि बिहीबार राणाले फिल्ममा काम गर्ने सहमति जनाएका हुन् ।

उनले पहिलो पटक नेपाली फिल्म खेल्न लागेका भने होइनन् । अभिनेता श्रीकृष्ण श्रेष्ठको अन्तिम फिल्म 'कोहिनूर'मा पनि उनले अभिनय गरेका थिए । नीताका अनुसार दीपराज 'सुख दु:ख'को कथा मन परेपछि काम गर्न तयार भएका हुन् । उनी कथा सुनेपछि भावुक भएको नीताले बताइन् । उनको भूमिकाबारे भने जानकारी गराइएको छैन ।

भिलेनको भूमिकाका लागि परिचित दीपराजले अमिताभ बच्चन, आमिर खान, सलमान खान, अजय देवगन, सैफ अली खान, रणवीर सिंह जस्ता बलिउड सुपरस्टारहरुसँग काम गरिसकेका छन् । 'सिंघम रिटर्न्स', 'प्रेम रतन धन पायो', 'आरक्षण', 'दबंग ३' जस्ता फिल्ममा उनको भूमिका प्रभावशाली थियो । उनको पछिल्लो रिलिज फिल्म 'मेट्रो इन दिनो' र 'सितारे जमिन पर' हो ।

दीपकराजअघि फिल्ममा मदनकृष्ण श्रेष्ठ, मिथिला शर्मा र विपना थापा अनुबन्धित भइसकेका छन् । भारतीय छायाँकार कवीर लाल र शाहिदलालको छायांकन र हने फिल्मलाई आगामी दशैंमा प्रदर्शन गर्ने तयारीमा निर्माण पक्ष छ । नीता फिल्मसको ब्यानरमा बन्ने यो फिल्म पारिवारिक कथामा आधारित रहने जनाइएको छ । यही फिल्मबाट नीताले निर्देशनमा डेब्यु गर्न लागेकी हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मदन भण्डारी फाउन्डेसनको एकवर्षे कार्ययोजना स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ मदन भण्डारी फाउन्डेसन मकवानपुरको आर्थिक वर्ष २०८२/८३ को कार्ययोजना स्वीकृत भएको छ ।

फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले एकवर्षमा गर्ने विभिन्न कार्यक्रम स्वीकृत गरेको हो । बैठकले आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असारसम्मको एकवर्षे कार्ययोजना स्वीकृत गरेको फाउन्डेसनका अध्यक्ष खुलालले जानकारी दिएका छन् । उनका अनुसार पहिलो ४ महिना साउन, भदौ, असोज र कार्तिकमा सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरण, असोज ५ गते स्थापन दिवस, चार्डपर्वका अवसरमा शुभकामना आदानप्रदान एवम् पुस्तक विमोचन कार्यक्रम तय गरेको छ ।

त्यस्तै कार्तिक महिनामा कला साहित्य एवम् सांस्कृतिक उपसमितिको समन्वयमा शुभदीपावलीका अवसरमा देउसीभैलो कार्यक्रम र मंसिर महिनामा सकारात्मक सोच र जीवन जिउने कलासम्बन्धी कार्यक्रम गर्ने निर्णय गरेको छ । यस्तै पुस महिनामा अतिरिक्त क्रियाकलाप उपसमितिको समन्वयमा बनभोज कार्यक्रम, माघ महिनामा सहिद दिवसका अवसरमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने निर्णय भएको अध्यक्ष खुलालले बताए ।

फागुन महिना विभिन्न संघसंस्थाको सहयोगमा स्वास्थ्य सिविर संचालन गर्ने, चैत महिनामा कविता प्रतियोगिता, वैशाख महिनामा श्रीचन्द्र शार्मा स्मृति सम्मान वितरण, जेठ महिनामा मदन-आश्रित स्मृति दिवसका अवसरमा जेठ १, २ र ३ गते क्रमशः खाद्यान्न वितरण, हाजिरीजवाफ प्रतियोगिता र श्रद्धाञ्जली कार्यक्रम र असार महिनामा मदन भण्डारीको जन्मजयन्ती कार्यक्रम १२, १३ र १४ गते क्रमश रक्तदान, कविता प्रतियोगिता र श्रद्धाञ्जलीसभा आयोजना गर्ने निर्णय गरेको उनले बताएका छन् ।

अध्यक्ष खुलालका अनुसार यसबाहेक पनि माघदेखि बैशाख महिनामासम्म स्थानीय तह एवम् विभिन्न संघसंस्थासँगको सहकार्यमा अन्य कार्यक्रम सञ्चालन गर्ने साथै यो वर्ष हिरक महोत्सव समेत परेकाले केन्द्रबाट प्राप्त हुने थप कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको र बैठकले आव २०८१/८२ को खर्च अनुमोदन तथा आव २०८२/८३ को अनुमानीत बजेट स्वीकृत गरेको अध्यक्ष खुलालले बताए ।

बैठकमा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री एवम् मदन भण्डारी फाउन्डेसनका हिरक मोत्सव मुलसमारोह समितिका संयोजक डोर मणि पौडेलले फाउन्डेसनले सञ्चालन गर्ने एवम् केन्द्रवाट प्राप्त हुने कार्यक्रमलाई व्यवस्थितरुपमा संचालन गर्न निर्देशन दिए । उनले फाउन्डेसनलाई थप क्रियाशील बनाउन आग्रह गरेका छन् ।

दिवंगत आफन्तको सम्झनामा आज गाईजात्रा निकालिने

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ प्रत्येक वर्ष भाद्रकृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन मनाइने परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर आरम्भ गरिँदैछ ।

एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रुपमा सिँगारेर आआफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरुलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्यदान दिने चलन छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरु गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आआफ्नो घरमा मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आदेश दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ । यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम समेत गराउने आदेश दिएअनुरुप हास्यव्यंग्यको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद (राजदरबार) भएर जानुपर्ने प्रथा अहिलेसम्म पनि कायमै छ । देशका विभिन्न स्थानमा गाईजात्रा मनाइने भएपनि उपत्यकामा यसको विशेष रौनक देखिने गर्छ । भाद्रकृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यंग्यात्मक प्रदर्शन, नाचगान तथा मृतकको सम्झनामा रामायणको करुणरसका गीतहरु पनि गाइन्छ । पञ्चायती व्यवस्थाप्रति व्यंग्य गरेको भन्दै विसं २०१७ पुस १ गतेको शाही 'कू'पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो ।

विसं २०३३ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले महोत्सवका रुपमा झाँकी र हास्यव्यंग्यसहित गाईजात्रा फेरि मनाउन थालेको हो । गाईजात्रा पर्व काठमाडौं उपत्यका लगायत बनेपा, धुलिखेल, पनौती, बाहबीसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा र पोखरा लगायत नेवार समुदायको विशेष उपस्थिति रहेका सहरमा धुमधामका साथ मनाइन्छ । बागमती प्रदेश सरकारले पनि गाईजात्रा पर्वको अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिएको छ ।

नेपाली भाषा शिक्षक समितिमा न्यौपाने चयन

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ नेपाली भाषा शिक्षक समिति मकवानपुरको अध्यक्षमा ज्योति न्यौपाने चयन भएका छन् । हेटौंडाको सिद्धार्थ माविमा शनिबार सम्पन्न पाँचौं साधारणसभाले प्रगति माध्यमिक विद्यालय, हेटौंडाका मावि नेपाली विषय शिक्षक न्यौपानेलाई अध्यक्षमा सर्वसम्मत् चयन गरेको हो ।

समितिको उपाध्यक्षमा वंशगोपाल माविका नेपाली शिक्षक माधवप्रसाद गौतम र महिला उपाध्यक्षमा सिद्धार्थ माविकी सुशीला चौलागाईं तथा सचिवमा अमर मावि हेटौंडा-१ का डिबी बर्तौला, सहसचिवमा नवोदय शिशुसदनका उपेन्द्र रानामगर र कोषाध्यक्षमा तुल्सीमेहर मेमोरियल माविका कमल नेपाल निर्वाचित भएका छन् । यसैगरी सदस्यमा केशव न्यौपाने, प्रेमबहादुर बोम्जन, नेत्रकुमारी मैनाली, मलिना गौतम, विष्णुमाया नगरकोटी, सुन्दर लुइँटेल र अनल आचार्य रहेका छन् ।

सोही अवसरमा नेपाली भाषा शिक्षक समिति मकवानपुरले शैक्षिक सत्र २०८१ सालको एसइईमा नेपाली विषयमा ४ जिपिए ल्याउने ७३ जना विद्यार्थी र २८ जना शिक्षकलाई सम्मान गरेको छ । सामुदायिक विद्यालयबाट ३३ जना विद्यार्थी र १७ शिक्षक तथा संस्थागत विद्यालयबाट ४० जना विद्यार्थी र ११ जना शिक्षकलाई सम्मान गरिएको हो । नेपाली भाषा शिक्षक समिति मकवानपुरका आजीवन सदस्य तथा सल्लाहकार ध्रुवकुमार भुजेलले आफ्ना मातापिताको नाममा राम-सावित्री सम्मान स्थापना गरेका छन् । यो सम्मान नेपाली भाषा शिक्षक समितिले हरेकवर्ष प्रदान गर्दै आइरहेको छ ।

नेपाली भाषा शिक्षक समिति मकवानपुरका निवर्तमान अध्यक्ष केशवप्रसाद सञ्जेलको अध्यक्षता तथा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख बद्रीबहादुर पाठकको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सल्लाहकार रमेशमोहन अधिकारी, ध्रुवकुमार भुजेल, विष्णुप्रसाद गौतम, माधवप्रसाद खतिवडा, सागर प्रसाद खतिवडा, सामाजिक विषय शिक्षक समाजका अध्यक्ष भोगेन्द्र लुईटेल, गणित विषय शिक्षक समूहका अध्यक्ष धनिकलाल साहलगायतको उपस्थिति रहेको थियो ।

आदिवासी जनजाति अधिकार संरक्षणमा मुख्यमन्त्री बानियाँको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आदिवासी जनजातिको अधिकार, पहिचान र सांस्कृतिक धरोहरको संरक्षणमा प्रदेश सरकार सदैव प्रतिबद्ध रहने बताएका छन् ।

विश्व आदिवासी जनजाति दिवस २०२५ को अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री बानियाँले सांस्कृतिक विविधता र आदिवासी समुदायको योगदानलाई सम्मान गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । यसवर्षको नारा 'आदिवासी जनजातिहरु र कृत्रिम बौद्धिकता: अधिकारको रक्षा, भविष्यको निर्माण' रहेको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले आदिवासी जनजातिको पहिचान, परम्परा र ज्ञानप्रणालीको संरक्षण गर्दै नयाँ अवसर सिर्जना गर्न सबैको साझा भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

सन्देशमा उनले तामाङ, नेवार, गुरुङ, मगर, थामी, चेपाङ, बोटे, थारु, युवा, सुनुवार, मुकुलुङ, किरातलगायत समुदायको परम्परागत सीप, संस्कृति र जीवनशैलीको प्रशंसा गर्दै यी समुदायले प्रदेशको सांस्कृतिक सम्पदा र ऐतिहासिक पहिचानलाई मजबुत बनाएको उल्लेख गरेका छन् । मुख्यमन्त्री बानियाँले बागमती प्रदेशको भौगोलिक र सांस्कृतिक विविधता तथा विभिन्न आदिवासी समुदायका भाषा, संस्कृति र ज्ञान प्रणालीले प्रदेशलाई अझ समृद्ध बनाएको बताए । उनले सांस्कृतिक विविधता र भाषिक अधिकारको सम्मान गर्दै आत्मसम्मानसहितको सहभागिताले मात्र न्यायपूर्ण र समावेशी भविष्य निर्माण सम्भव हुनेमा जोड दिएका छन् ।

उनले ऐक्यबद्धता, सहअस्तित्व र समान अधिकारको भावना सहित अघि बढ्न सबैलाई आग्रह गर्दै यस दिवसले अधिकार र पहिचान जोगाउँदै उज्ज्वल भविष्य निर्माणका लागि प्रेरणा दिने विश्वास व्यक्त गरेका छन् ।

मुख्यमन्त्री बानियाँको पक्षमा विश्वासको मत दिन कांग्रेसको ह्वीप

संसदीय दलको बैठक साउन २७ गते बस्ने

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले दलका नेतासमेत रहेका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले लिने विश्वासको मतमा तीन बुँदे ह्वीप जारी गरेको छ ।

साउन २७ गते मुख्यमन्त्री बानियाँले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिँदैछन् । प्रदेशसभा सचिवालयले दिउँसो ४ बजेका लागि बैठक आह्वान गरिसकेको छ । दल नेता बानियाँले कांग्रेस संसदीय दलको ९ सदस्यीय कार्यसमिति गठन गरेसँगै बसेको बैठकले ह्वीप जारी गर्ने निर्णय गरेको प्रदेशसभा सदस्य सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

ललितपुर भैंसेपाटीस्थित मुख्यमन्त्री निवासमा बसेको कांग्रेस संसदीय दलको बैठकले विश्वासको मतको पक्षमा मतदान गर्न ह्वीप जारी गर्ने निर्णय गरेको संसदीय दलका प्रवक्ता प्रदेशसभा सदस्य लामिछानेले जानकारी दिए । 'तीन बुँदामा ह्वीप जारी गर्ने निर्णय भएको छ । एउटा बैठकमा अनिवार्य उपस्थित हुने, दोस्रो तटस्थ नबस्ने र तेस्रो विश्वासको मतको पक्षमा मत दिन ह्वीप जारी गर्ने निर्णय भएको हो,' प्रवक्ता लामिछानेले भने ।

दलको कार्यसमिति बैठकले प्रवक्तामा लामिछाने तोक्ने र ३ सदस्यीय अनुशासन समिति गठन गर्ने निर्णय गरेको छ । अनुशासन समिति सदस्यमा लामिछाने, छिरिङदोर्जे लामा र विनु रायमाझी पौडेल रहेका छन् । यसैगरी बैठकले साउन २७ गते १ बजे कांग्रेस संसदीय दलको कार्यालय हेटौंडामा दलको बैठक राख्ने निर्णय गरेको प्रवक्ता लामिछानेले जानकारी दिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरु
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २५ वर्ष देखि निरन्तर चलिरहेको संस्था

कार्यक्रमहरु

Health Assistant (HA)	40 सिट
PCL Lab Technology	30 सिट
PCL Radiography	30 सिट
PCL Physiotherapy	40 सिट

CTEVT को स्वास्थ्य विषयमा पढन चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर

फारम शुल्क रु १०००/-

- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।०४।२५ गते आइतवार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

नेपाल सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
बागमती प्रदेश

ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लिको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२ साउन २५ गते)

बागमती प्रदेश मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि हेटौंडा उ.म.न.पा-११, मकवानपुर, बागमती प्रदेश, नेपाल फोन नं: ०५७-५९०५६५ इमेल : omkarsoap@gmail.com
प्रस्तावको व्यहोरा	डिटरजेन्ट पाउडर, साबुन, टेलकम पाउडर, कपालमा लगाउने तेल, स्याम्पु तथा अन्य सौन्दर्य सामाग्रीहरु उत्पादन तथा प्याकेजिंग गर्ने उद्योग स्थापना गर्ने
प्रभाव पर्नसक्ने जिल्ला/ न.पा./गा.पा.(हरु)	बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उप-महानगरपालिका वडा नं. ११

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार भैरहेको र बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ परिच्छेद-२ को दफा ३(४) बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप निम्न लिखित मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आनो राय सुझावलिखित तथा मौखिक रुपमा दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाई सम्बन्धि कार्यक्रम
मिति: २०८२ साउन ३१ गते, शनिबार
स्थान: ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि. को कार्यालय नवलपुर, वडा नं ११, हेटौडा उ.म.न.पा.,
समय: दिउँसो ११ बजे

प्रस्तावकको नाम र ठेगाना:	परामर्शदाताको नाम र ठेगाना:
ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि. नवलपुर, वडा नं ११, हेटौंडा उ.म.न.पा., बागमती प्रदेश, नेपाल फोननं.०५७-५९०५६५ इमेल : omkarsoap@gmail.com	इकोसोधना एनालिटिक एंड इन्भारोमेन्टल सोलुसन्स प्रा.लि. नयाबस्ती , वडा न. ०६, गोकर्णेश्वर न.पा, काठमाडौं फोन नं.- +९७७ -९७६८४३८९७९ इमेल: ecosodhanasolutions@gmail.com

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना